# नेपाल व्यवसाय मञ्च (गठन आदेश), २०६७

देशको आर्थिक विकासमा निजी क्षेत्रको महत्व र भूमिकाको उच्च मूल्याङ्कन गर्दै,

सार्वजनिक–निजी क्षेत्रबीच नियमित संवाद र सहकार्यको संस्थागत व्यवस्थाबाट मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्न सक्ने तथ्यलाई मनन् गर्दै,

व्यवसाय संचालन एवं लगानी प्रवर्द्धन गर्ने वातावरणमा सुधार ल्याई देशमा रोजगारीका अवसर सिर्जना गर्दै आर्थिक विकासलाई तीब्र गति प्रदान गर्ने अभिप्रायले,

नेपाल सरकारले "**नेपाल व्यवसाय मञ्च** (**गठन आदेश**), **२०६७**" आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "**नेपाल व्यवसाय मञ्च** (**गठन आदेश**), **२०६७**" हुनेछ ।

(२) यो आदेश सम्वत २०६७ साल जेष्ठ १ गते देखि प्रारम्भ हुनेछ ।

२. **नेपाल व्यवसाय मञ्चको गठन** : (१) व्यवसायसँग सम्बन्धित नीति एवं कानूनको प्रभावकारी कार्यान्वयन तथा मूल्यांकनका सम्बद्ध बिषय (Issues) मा सार्वजनिक र निजी क्षेत्रबीच नियमित संवाद र सहकार्यलाई अभिप्रेरित गर्न, व्यवसाय संचालन र लगानी अभिवृद्धिमा आईपर्ने बाधा, अवरोध, तथा समस्याको पहिचान गर्न, व्यवसाय संचालन र लगानी अभिबृद्धि एवं विकासका लागि सरकारलाई आवश्यक सुझाव र सिफारिस गर्न, त्यस्ता सिफारिसहरुको कार्यान्वयन र अनुगमन गर्न सघाउनका साथै सार्वजनिक एवं निजी क्षेत्रबीच नियमित परिणाममुखी र पारदर्शी संवादका लागि संस्थागत आधार प्रदान गर्ने उद्देश्यले **नेपाल व्यवसाय मञ्च**को गठन गरिएको छ ।

(२) **नेपाल व्यवसाय मञ्च** एक स्वायत्त संगठित संस्थाको रुपमा रहनेछ र यसको आफ्नो छुट्टै छाप हुनेछ ।

(३) यस संस्थालाई अंग्रेजी भाषामा **"NEPAL BUSINESS FORUM"** भनिनेछ र यसपछि यसलाई छोटकरीमा नेपालीमा **"मञ्च"** र अंग्रेजीमा **"NBF"** लेखिनेछ ।

(४) **नेपाल व्यवसाय मञ्च**का देहाय बमोजिमका संगठनात्मक संरचना रहनेछन् :

क) उच्चस्तरीय व्यवसाय मञ्च

ख) संचालक समिति

ग) निजी क्षेत्र विकास समिति

घ) कार्य–सम्पादन समूहहरु

ङ) सचिवालय

३. **उच्चस्तरीय व्यवसाय मञ्चको गठन र सञ्चालनसम्बन्धी व्यवस्था** : (१) उच्चस्तरीय व्यवसाय मञ्च नेपाल व्यवसाय मञ्चको उद्देश्य प्राप्तिका लागि गरिने नीति निर्माण तथा नीतिगत निर्णयको उच्चतम अंगको रुपमा रहनेछ ।

(२) प्रधानमन्त्री उच्चस्तरीय व्यवसाय मञ्चको अध्यक्ष हुनेछ ।

(३) उच्चस्तरीय व्यवसाय मञ्चको बैठक आवश्यकता अनुसार बस्नेछ ।
तर एक बैठक र अर्को बैठकबीच ६ महिनाभन्दा बढीको फरक हुनेछैन ।

(४) मञ्चको बैठक प्रधानमन्त्रीको निर्देशन बमोजिम बोलाइनेछ ।

(५) उच्चस्तरीय व्यवसाय मञ्चमा नेपाल सरकारका विभिन्न मन्त्रालय एवं निकाय, व्यावसायिक संघ संस्थाका प्रतिनिधि, निजी क्षेत्रका व्यवसायीका प्रतिनिधि, नागरिक समाज र आमन्त्रित प्रतिनिधि रहनेछन् ।

(६) निजि क्षेत्रका प्रतिनिधि, सम्बन्धित मन्त्रालय तथा निकाय, अन्तर्राष्ट्रिय विकास साझेदारहरु, अनुसन्धान संस्थाका प्रतिनिधिका साथै सम्बन्धित विशेषज्ञहरु र पेशाविदहरुलाई उच्चस्तरीय व्यवसाय मञ्चको बैठकमा आमन्त्रण गरिनेछ ।

(७) उद्योग मन्त्रालयका सचिवले नेपाल व्यवसाय मञ्चको सदस्य–सचिवको रुपमा कार्य गर्नेछन ।

(८) उच्चस्तरीय व्यवसाय मञ्चको गठन अनुसूची–१ मा दिइएको छ ।

४. **<u>उच्चस्तरीय व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकार :</u>** उच्चस्तरीय व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मुलुकको आर्थिक विकाससम्बन्धी समग्र समष्टिगत र क्षेत्रगत नीति तथा सैद्धान्तिक विषयमा गर्नुपर्ने सुधारका सम्बन्धमा सरकारसमक्ष सिफारिश गर्ने ।

(ख) प्रभावकारी सार्वजनिक-निजी सम्वाद र सहकार्यका लागि संस्थागत तथा व्यवस्थापकीय विषयमा सुधारका लागि सिफारिश तथा निर्णय गर्ने ।

(ग) देशको औद्योगिक, आर्थिक, मौद्रिक, वाणिज्य, निकासी तथा पैठारी र संगठित सुशासन (Corporate Governance) का क्षेत्रमा नीतिगत सुधारका विषयमा सिफारिश गर्ने ।

(घ) मुलुकमा औद्योगिक तथा व्यावसायिक लगानीका लागि सवल र सहयोगी वातावरण निर्माणका लागि समन्वय र सामन्जस्य कायम गर्ने ।

(ङ) औद्योगिक तथा श्रम सम्बन्धका विषयमा नीतिगत सुधार गर्न सिफारिश गर्ने ।

५. **<u>संचालक समितिको गठन र सञ्चालनसम्बन्धी व्यवस्था</u>** : (१) मञ्चको कार्यकारी अंगको रुपमा एक संचालक समिति रहनेछ ।

(२) उद्योगमन्त्री संचालक समितिको अध्यक्ष रहनेछ ।

(३) संचालक समितिमा सबै कार्य–सम्पादन समूहका सह–अध्यक्ष तथा विभिन्न व्यावसायिक क्षेत्रको प्रतिनिधित्व हुनेगरी संचालक समितिबाट मनोनित बढीमा पाँच जना सम्म अन्य सदस्यहरु रहनेछन् ।

(४) संचालक समितिको बैठकमा सहभागिताका लागि विकासका साझेदार एवं विशेषज्ञलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(५) उद्योगमन्त्रीको निर्देशन बमौजिम संचालक समितिको बैठक बोलाइनेछ ।

(६) संचालक समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

६. **संचालक समितिको काम, कर्तव्य र अधिकार** : संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संचालक समितिले उच्चस्तरीय मन्चको बैठकमा पेश हुने प्रस्ताव तय गर्नुका साथै सचिवालय एवं कार्य सम्पादन–समूहको सुपरीवेक्षण र अनुगमन गर्नेछ ।

(२) आवश्यकतानुसार कार्य सम्पादन समूहको नाम, कार्यक्षेत्र र सदस्य संख्यामा पुनरावलोकन गर्नेछ।

(३) संचालक समितिले कार्य सम्पादन–समूहहरुबाट पेश हुने सिफारिसहरुका लागि आवश्यक मापदण्डहरु समेत निर्धारण गर्नेछ ।

(४) संचालक समितिले मन्चको सचिवालयको लागि प्रशासनिक र वित्तीय कार्यविधि तय गर्नुका साथै मन्चको योजना, कार्यक्रम र बजेट स्वीकृत गर्नेछ ।

(५) संचालक समितिले मञ्चले तोकेका अन्य कार्यहरु सम्पादन गर्ने गराउनेछ ।

७. **निजी क्षेत्र विकास समिति** : (१) नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयका सचिवहरु रहेको अनुसूचि-२बमोजिमको एक निजी क्षेत्र विकास समिति रहनेछ ।

(२) निजी क्षेत्र विकास समितिमा आवश्यकता अनुसार सदस्यहरुको संख्या थपघट गर्न सकिनेछ ।

(३) समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार विकासका साझेदार र विषय विषेशज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) नेपाल सरकारको मुख्य सचिवले समितिको बैठक बोलाउनेछ ।

(५) उद्योग मन्त्रालय, औद्योगिक प्रबर्द्धन महाशाखाका सहसचिवले समितिको सदस्य–सचिव भई कार्य गर्नेछन् ।

(६) उद्योग मन्त्रालयले समितिको समन्वयकारी अंगको रुपमा कार्य गर्नेछ ।

(७) कार्यसम्पादन समूहको सिफरिशकाआधारमा लिइएका सुधारात्मक निर्णयको कार्यान्वयनका लागि समितिले सम्बन्धित मन्त्रालय तथा निकायहरुलाई अनुरोध गर्नेछ र त्यस्तो निर्णयको कार्यान्वयन क्षेत्र दुई वा सो भन्दा बढी मन्त्रालय वा निकायभित्र पर्ने भएमा सो निर्णयलाई मन्त्रिपरिषद्बाट स्वीकृति गराउने प्रयोजनार्थ समितिले उद्योग मन्त्रालयमा पठाउनेछ ।

(८) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(९) समितिले आफ्नो कार्यविधिसम्बन्धी निर्देशिका बनाउनेछ ।

(१०) समितिले आफ्नो गतिविधिको विवरण र प्रगति प्रतिवेदन उच्चस्तरीय व्यवसाय मञ्च समक्ष पेश गर्ने छ ।

८. **कार्य–सम्पादन समूहको व्यवस्था** :– (१) आवश्यकता अनुसार मन्चको गतिविधिमा सहयोग पुऱ्याउन विषयगत विशिष्ठताका आधारमा कार्यसम्पादन समूहको गठन गरिनेछ । उक्त समूहमा निजीक्षेत्रका नियामक संघ संस्थालाई आमन्त्रित गर्नसकिनेछ ।

(२) कार्यसम्पादन समूहले विषयगत क्षेत्र र क्षेत्रविशेषसँग सम्बन्धित विषयमा आ–आफ्नो कार्य सम्पादन गर्नेछन् ।

(३) आवश्यकता अनुसार कार्य–सम्पादन समूहहरुको विघटन, एकीकरण र नयाँ समूहहरुको गठन गर्न सकिनेछ ।

(४) विशेष विषयसँग सम्बन्धित समस्याहरुका सम्वन्धमा कार्य सम्पादन–समूहले छलफल, अन्तरक्रिया, सभासम्मेलन वा गोष्ठी आयोजना गर्न सक्नेछन् ।

(५) प्रत्येक कार्यसम्पादन समूहमा एक जना उच्च सरकारी अधिकारी (सचिव वा सो सरह) र एकजना निजी क्षेत्रको प्रतिनिधिले सह–अध्यक्षता गर्नेछन् ।

(६) कार्य–सम्पादन समूहमा निजी क्षेत्रबाट प्रतिनिधित्व गर्ने सह–अध्यक्ष तथा सदस्यहरुको मनोनयन निजी क्षेत्रका सम्बन्धित संघले गर्नेछ ।

(७) प्रत्येक कार्य–सम्पादन समूहमा सरकारी तथा निजी क्षेत्रका ४/४ जना प्रतिनिधिहरु रहने गरी आठ जना सदस्य रहनेछन् ।

(८) विषयगत कार्य–सम्पादन समूह, त्यसका सह–अध्यक्ष र सदस्य देहाय बमोजिम हुनेछन् :–

क) **औद्योगिक लगानी प्रवर्द्धन कार्य–सम्पादन समूह** : सह–अध्यक्षहरु :– सचिव, उद्योग मन्त्रालय र सभापति, नेपाल उद्योग परिसंघ तथा नेपाल सरकारबाट प्रतिनिधित्व हुने सहसचिवस्तरका सदस्यहरु वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट रहने छन् ।

ख) **निकासी प्रवर्द्धन तथा व्यापार सहजीकरण कार्य–सम्पादन समूह** : सह–अध्यक्षहरु :–सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श तथा नेपाल सरकारबाट प्रतिनिधित्व हुने सहसचिवस्तरका सदस्यहरु कृषि तथा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय र उद्योग मन्त्रालयबाट रहने छन् ।

ग) **पूर्वाधार संरचना कार्य–सम्पादन समूह** : सह–अध्यक्षहरु :–सचिव, उर्जा मन्त्रालय र अध्यक्ष, इन्डिपेन्टेण्ड पावर प्रोड्युर्स एशोसियसन नेपाल तथा नेपाल सरकारबाट प्रतिनिधित्व हुने सहसचिवस्तरका सदस्यहरु सूचना तथा सञ्चार मन्त्रालय, सिंचाई मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालयबाट रहने छन् ।

घ) **वित्तीय, बीमा तथा मौद्रिक बिषय कार्य–सम्पादन समूह,** : सह–अध्यक्षहरु :– डेपुटी गर्भनर (बैकिङ्ग हेर्ने), नेपाल राष्ट्र बैंक र अध्यक्ष, नेपाल बैंकर्स एशोसियसन तथा सरकारबाट प्रतिनिधित्व हुने सह सचिव स्तरका सदस्यहरु अर्थ मन्त्रालय, उद्योग मन्त्रालय र स्थानीय विकास मन्त्रालयबाट रहनेछन् ।

ङ) **महिला उद्यमी विकास कार्य–सम्पादन समूह** : सह–अध्यक्षहरु : सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र सभापति, नेपाल महिला उद्यमी महासंघ तथा नेपाल सरकारबाट प्रतिनिधित्व हुने सहसचिवस्तरका सदस्यहरु वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग मन्त्रालय, स्थानीय विकास मन्त्रालयबाट रहनेछन् ।

च) **व्यवसायिक वातावरण, श्रम सम्बन्ध तथा औद्योगिक सुरक्षा कार्य–सम्पादन समूह** : सह–अध्यक्षहरु : सचिव, अर्थ मन्त्रालय र अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ तथा नेपाल सरकारबाट प्रतिनिधित्व हुने सहसचिवस्तरका सदस्यहरु गृह मन्त्रालय, उद्योग मन्त्रालय र श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट रहनेछन् ।

(९) कार्य-सम्पादन समूहका कार्यहरु देहाय बमोजिम हुनेछन् :

(क) लगानी र व्यवसायसँग सम्बन्धित नियमन गर्नु पर्ने विषय तथा ततसम्बन्धी समस्याहरुको पहिचान गर्ने र त्यस्ता समस्याको समाधानका लागि सुधारात्मक एवं कार्यान्वयनमूलक उपायको सिफारिस गर्न आवश्यक तयारी गर्ने ।

(ख) कार्य–सम्पादन समूहले आफ्नो तहमा आवश्यक निर्णय लिन र सिफारिस गर्न सक्नेछ ।

(ग) कुनै विषयमा अन्तर–मन्त्रालय वा अन्तरनिकाय समन्वय गर्न वा मन्त्रिपरिषद तहको निर्णय आवश्यक पर्ने भई कार्यसम्पादन समूह तहमा निर्णय लिन नसकिने भएमा समूहले आफ्नो सिफारिस आवश्यक निकासार्थ संचालक समितिमा प्रस्तुत गर्नेछन् ।

(घ) संचालक समितिले समूहबाट प्रस्तुत सिफारिसमा पुनरावलोकन गरी उपयुक्त सिफारिस कार्यान्वयनका लागि निजी क्षेत्र विकास समितिमा पठाउनेछ ।

(१०) कार्य–सम्पादन समूहले आफ्नो जिम्मेवारीका क्षेत्र समेट्ने गरी आ-आफ्नो कार्यक्षेत्रगत शर्त (Terms of Reference) तयार गर्नेछन् ।

(११) कार्य–सम्पादन समूहले निजी क्षेत्रका व्यापारी, व्यवसायी, पेशाकर्मी, विशेषज्ञ र अर्न्तराष्ट्रिय विकास साझेदारका प्रतिनिधिसँग आवश्यकतानुसार सल्लाह लिन सक्नेछ ।

(१२) उच्चस्तरीय व्यवसाय मन्च र संचालक समितिले उपयुक्त ठह्याएका अन्य गतिविधिमा समेत कार्य–सम्पादन समूह संलग्न हुनेछन् ।

९. **मन्चको सचिवालय** : (१) संचालक समिति, निजी क्षेत्र विकास समिति र कार्य सम्पादन समूहहरुबीच सूचना प्रवाह गर्ने तथा अन्तरक्रियामा सहयोग पुऱ्याउने एक मुख्य माध्यमका रुपमा कार्य गर्ने गरी मन्चको एक सचिवालय रहनेछ ।

(२) सचिवालयले संचालक समिति, निजि क्षेत्र विकास समिति र कार्य–सम्पादन समूहको कार्यमा सहजता र गुणात्मकता ल्याउन सहयोग पुऱ्याउनुका साथै निर्णय कार्यान्वयनको अभिलेखांकन गर्नेछ ।

(३) योग्य र सक्षम व्यक्तिमध्येबाट प्रतिस्पर्धाका आधारमा निजि क्षेत्रबाट नियुक्त हुने संयोजकले सचिवालय प्रमुखको रुपमा कार्य गर्नेछन् ।

(४) कार्य सम्पादन समूह, संचालक समिति र निजी क्षेत्र विकास समितिबाट गरिएका निर्णयको कार्यान्वयन सचिवालयले गराउनेछ र कार्यान्वयनको प्रगति स्थितिको विवरण तयार गरी अनुगमनसम्बन्धी व्यवस्था समेत मिलाउनेछ ।

(६) सचिवालयमा आवश्यकता अनुसार सरकारी तथा निजी क्षेत्रका प्रतिनिधित्व हुने गरी कर्मचारीहरुको व्यवस्था गरिनेछ ।

(६) मन्चको सचिवालयलाई प्रभावकारी तुल्याउन सरकारी तथा निजी दुवै क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याइने छ ।

१०. **बाधा अड्चन फुकाउने** : मन्चको उद्देश्य प्राप्तिका सिलसिलामा कुनै बाधा अड्चन आइपरेमा उच्चस्तरीय व्यवसाय मन्चको सिफारिशमा त्यस्तो बाधा अड्चन फुकाउन सकिनेछ ।

११. **नेपाल सरकारसँग सम्पर्क** : मञ्चले नेपाल सरकारसँग सम्पर्क राख्दा उद्योग मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

१२. **वित्तीय साधन स्रोतको व्यवस्था** : (१) सचिवालयको कार्य संचालनका लागि एउटा छुट्टै कोषको व्यवस्था हुनेछ ।

(२) कोषमा नेपाल सरकार, दातृ संस्थाहरु, निजी क्षेत्र र विभिन्न सरोकारवालाबाट उच्चस्तरीय व्यवसाय मञ्चले निर्धारण गरे बमोजिमको रकम जम्मा हुनेछ ।

(३) विदेशी दातृ संस्था तथा संघसंस्थाबाट सहयोग प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट स्वीकृति प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

१३. **कार्यविधि निर्देशिका लागू गर्ने अधिकार** : मञ्चले आफ्नो कार्य संचालन प्रक्रियालाई सरलीकृत गर्न आवश्यक कार्यविधिसम्बन्धी निर्देशिका बनाई लागू गर्न वा गराउन सक्नेछ ।

१४. **अधिकार प्रत्यायोजन** : मञ्चले आफ्नो अधिकार यस आदेशमा उल्लेख भए बमोजिम प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **मञ्चको विघटन र दायित्व हस्तान्तरण** : (१) मञ्चको आवश्यकता नभएमा नेपाल सरकारको निर्णयबाट कुनै पनि बखत मञ्चको विघटन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मञ्च विघटन भएमा मञ्चको सम्पत्ति नेपाल सरकारमा सर्नेछ ।

## अनुसूची–१

## उच्चस्तरीय व्यवसाय मञ्च

(दफा ३ को उपदफा (८) सँग सम्बन्धित)

**नेपाल सरकार**

| | |
|---|---|
| सम्माननीय प्रधानमन्त्री | अध्यक्ष |
| माननीय उद्योगमन्त्री | सदस्य |
| माननीय अर्थमन्त्री | सदस्य |
| माननीय गृहमन्त्री | सदस्य |
| माननीय वाणिज्य तथा आपुर्तिमन्त्री | सदस्य |
| माननीय सूचना तथा संचारमन्त्री | सदस्य |
| माननीय उर्जामन्त्री | सदस्य |
| माननीय कानून तथा न्यायमन्त्री | सदस्य |
| माननीय परराष्ट्रमन्त्री | सदस्य |
| माननीय स्थानीय विकासमन्त्री | सदस्य |
| माननीय पर्यटन तथा नागरिक उड्डयनमन्त्री | सदस्य |
| माननीय कृषि तथा सहकारीमन्त्री | सदस्य |
| माननीय श्रम तथा यातायात व्यवस्थामन्त्री | सदस्य |
| माननीय भौतिक योजना तथा निर्माणमन्त्री | सदस्य |
| माननीय महिला बालबालिका तथा समाज कल्याणमन्त्री | सदस्य |
| माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| माननीय सदस्यहरु, राष्ट्रिय योजना आयोग | सदस्य |
| गभर्नर, नेपाल राष्ट्र बैंक | सदस्य |
| मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (उद्योग हेर्ने) | सदस्य |
| सचिव, उद्योग मन्त्रालय | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, गृह मन्त्रालय | सदस्य |
| सचिव, वाणिज्य तथा आपुर्ति मन्त्रालय | सदस्य |
| सचिव, सूचना तथा संचार मन्त्रालय | सदस्य |
| सचिव, उर्जा मन्त्रालय | सदस्य |
| सचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | सदस्य |

| | |
|---|---|
| सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| अध्यक्ष, नेपाल धितो पत्र बोर्ड | सदस्य |
| अध्यक्ष, बिमा समिति | सदस्य |
| अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| अध्यक्ष, नेपाल नागरिक उड्डयन प्राधिकरण | सदस्य |

**प्राज्ञिक निकाय**

| | |
|---|---|
| उपकुलपति, त्रिभुवन विश्व विद्यालय | सदस्य |
| उपकुलपति, काठमाडौं विश्व विद्यालय | सदस्य |

**निजी क्षेत्र**

| | |
|---|---|
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग परिसंघ | सदस्य |
| अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल महिला उद्यमी महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल चम्बर अफ कमर्श | सदस्य |
| अध्यक्ष, नेपाल बैंकर्स एशोशिएशन | सदस्य |
| अध्यक्ष, नेपाल विजिनेश इनिशिएटिभ | सदस्य |
| अध्यक्ष, नेपाल व्यवस्थापन संघ | सदस्य |
| अध्यक्ष, होटल संघ नेपाल | सदस्य |
| अध्यक्ष, इन्डिपेन्डेन्ट पावर प्रोडुसर्स एशोशिएसन, नेपाल | सदस्य |
| अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ | सदस्य |

**पेशागत संघसंस्था**

| | |
|---|---|
| सभापति, नेपाल बार एशोशिएशन | सदस्य |
| सभापति, गैर आवासिय नेपाली संघ | सदस्य |
| सभापति, आर्थिक पत्रकार समाज नेपाल | सदस्य |
| प्रतिनिधि नेशनल कन्जुमर्स एशोशिएशन | सदस्य |
| प्रतिनिधि, राष्ट्रिय मान्यता प्राप्त ट्रेड युनियनका अध्यक्षहरु | सदस्य |
| व्यवसायिक संगठनहरु एवं पेशाकर्मीहरु मध्येबाट निजी क्षेत्रले मनोनित गर्ने थप १८ जना प्रतिनिधिहरु | सदस्य |

अनुसूची–२

## निजी क्षेत्र विकास समिति

(दफा ७ को उपदफा (१) संग सम्बन्धित)

| | |
|---|---|
| मुख्य सचिव, नेपाल सरकार | अध्यक्ष |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (उद्योग हेर्ने) | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, उद्योग मन्त्रालय | सदस्य |
| सचिव, वाणिज्य तथा आपुर्ति मन्त्रालय | सदस्य |
| सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| सचिव, उर्जा मन्त्रालय | सदस्य |
| सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | सदस्य |
| सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| सचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |